# लुङ्ग्री गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यबिधि, २०८०

(कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/१२/२०)

**प्रस्तावना**

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखि र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान २०७२, स्वास्थ्य नीति २०७१, जनस्वास्थ्य सेवा ऐन २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापनका लागि लुङ्ग्री गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " लुङ्ग्री गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि लुङ्ग्री गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(१) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(२) "सामुदायिक स्वास्थ्य इकाई " भन्नाले लुङ्ग्री गाउँपालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी वा अस्थायी बसोबास गर्ने महिला, बालबालिका, गरीव, तथा सीमान्तकृत वर्ग तथा समुदायको गुणस्तरिय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुऱ्याइ आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनको लागि ल्याइएको विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ

(३) "लक्षित वर्ग" लुङ्ग्री गाउँपालिका भित्र को दुर्गम क्षेत्रमा बसोबास गर्ने महिला, बालबालिका, गरिब, तथा सिमान्तकृत वर्ग तथा समुदायहरू सम्झनु पर्दछ।

(४) "गाउँपालिका" भन्नाले लुङ्ग्री गाउँपालिका भन्ने सम्झनु पर्ने छ ।

३. **सामुदायिक स्वास्थ्य इकाई रहने स्थानहरुः**

(१) निम्न बमोजिमका स्थानहरु सामुदायिक स्वास्थ्य इकाई गठन गरी सेवा सञ्चालनमा ल्याइनेछ ।

(क) लुङ्ग्री गाउँपालिकाको वडा नं. १ को (साविक पाङ गा.वि.स. वडा नं.३ ऐपे र साविक पाङ गा.वि.स. वडा नं.२ पाङ),

(ख) लुङ्ग्री गाउँपालिका वडा नं.२ (साबिक सिर्प गा.वि.स.वडा नं.८ तल्लो सिर्प)

(ग) लुङ्ग्री गाउँपालिका वडा नं.३ (साबिक सिर्प गा.वि.स.वडा नं.७ सिम्लेनी र साविक सिर्प गा.वि.स.वडा नं.५ गोठेचौर)

(घ) लुङ्ग्री गाउँपालिका वडा नं.४ (साविक वडाचौर गा.वि.स.वडा नं.७ सालडाँडा)

(ङ) लुङ्ग्री गाउँपालिका वडा नं.५ साविक वडाचौर गा.वि.स.वडा नं.६ लालुवाङ, वडा नं.६ गोठिवाङ, वडा नं.८ गोठेखर्क, वडा नं.९ तल्लो सेवार),

(च) लुङ्ग्री गाउँपालिका वडा नं.६ साविक गुम्चाल गा.वि.स.वडा नं.९ बेरी, वडा नं.८ तल्लो गुम्चाल, वडा नं.५ पाटेगुम्चाल) र

(छ) लुङ्ग्री गाउँपालिका वडा नं.७ को (साविक हार्जङ गा.वि.स.वडा नं.८ छहरेखुङ) स्थापना भएका स्थानहरुमा सेवा सञ्चालनमा ल्याइने छ

(२) कार्यपालिकाले आवश्यकता महशुस गरि निर्णय गरेका स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सेवा संचालनमा ल्याइनेछ।

## ४. कर्मचारी सम्वन्धी व्यवस्था र दरवन्दी

४.१ सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्न देहाय वमोजिमको जनशक्तिको व्यवस्था गर्नुपर्ने छ ।

(क) हे.अ./अ.हे.व. मध्ये एक जना

(ख) स्टाफ नर्स/अ.न.मी. मध्ये बाट एक जना

(ग) कार्यालय सहयोगी एक जना

४.२ पारिश्रमिक र सुविधा सम्वन्धी व्यवस्था

उपरोक्त बमोजिमको जनशक्तिको व्यवस्था लुङ्ग्री गाउँपालिकाको गाउँसभा बाट विनियोजित रकम बाट तलवभत्ता दिने गरि सेवा करार लिने व्यवस्था मिलाइने छ । यसरी नियुक्ति हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुविधा लुङ्ग्री गाउँपालिका बाट व्यहोरिने छ साथै सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत स्वास्थ्यकर्मी अन्य कर्मचारीहरुको पारिश्रमिक दुइपक्षिय संझौता वमोजिम हुने छ, भने पहिले देखि सञ्चालनमा भएका सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको हकमा समेत यो सुविधा लागू हुने छ ।जनसंख्या,भौगोलिक अवस्था र विरामीको चापको आधारमा र कार्य विवरणको अवस्था हेरी थप प्राविधिक जनशक्तिको आवश्यकता गर्नुपर्ने भए थप जनशक्तिको व्यवथा पनि गर्न सकिने छ ।

४.३ प्रकृया : लुङ्ग्री गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७९ वमोजिम हुनेछ ।

## ५. सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन

५.१ सामुदायिक स्वास्थ्य इकाईको सञ्चालन,रेखदेख र समन्वय सम्बन्धीत सामुदायिक स्वास्थ्य इकाई स्वास्थ्य व्वयस्थापन समिति,वडा पालिका र गाउँपालिकाले गर्ने छ ।

५.२ सामुदायिक स्वास्थ्य इकाई लाई आवश्यक पर्ने औषधी र उपकरण लुङ्ग्री गाउँपालिकाले आपूर्ति व्यवस्था मिलाउने छ

५.३ सामुदायिक स्वास्थ्य इकाईमा काम गर्ने कर्मचारीहरको व्यवस्थापन तथा कामको रेखदेख पालिका, सम्वन्धीत वडा र सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन समितिले गर्ने छ ।

५.४ सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण, मर्मत सम्भार र आवश्यक उपकरण आदिको व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धीत पालिकाको हुने छ ।

५.५ सेवा प्रवाह गर्दा कम्तीमा खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जांच, नवजात शिशु सेवा, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन,

सामान्य उपचार लगायतका स्वास्थ्य व्यवस्था स्थानीय तहले गर्नु पर्नेछ ।साथै भौतिक पूर्वाधार सम्पन्न भएका सामुदायिक स्वास्थ्य इकाईहरुमा आमा तथा नवजात शिशु कार्यक्रम संचालन निर्देशिकामा भएको मापदण्ड अनुसार मापदण्ड पुरा भएका स्थानमा वर्थिङ सेन्टर संचालनको लागि अनुमति दिई सेवा संचालन हुने छ।

(५.६) सामुदायिक स्वास्थ्य इकाईले सेवा दिएका सेवाग्राहीहरुको विवरण सेवा रजिष्टरमा अभिलेख राखि मासिक रुपमा गाउँपालिका तथा सम्बन्धित वडाको स्वास्थ्य चौकीमा प्रतिवेदन गर्नु पर्ने छ।

**<u>६. सामुदायिक स्वास्थ्य इकाई स्तरीय स्वास्थ्य व्यवस्थापन समिति गठन</u>** :

६.१ पालिकाको प्रत्येक वडामा स्थापना हुने सामुदायिक स्वास्थ्य इकाईमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने देहाय वमोजिम ९ सदस्यीय स्वास्थ्य व्यवस्थापन समिति हुने छ ।

(क) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्वन्धीत वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धीत वडाको दलित महिला सदस्य -सदस्य

(ग) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित स्वास्थ्य चौकी प्रमुख -सदस्य

(घ) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित टोलको सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका १ जना -सदस्य

(ङ) सेवाग्राहीबाट छानिएका कम्तीमा एक जना महिला सहित ३ जना -सदस्य

(च) स्थानीय विद्यालयको शिक्षकहरु मध्येबाट एक जना -सदस्य

(छ) सम्वन्धीत वडाको सामुदायिक स्वास्थ्य इकाईको प्रमुख -सदस्य सचिव

(ज) उप दफा (४) को ६.१ बमोजिमको समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सामुदायिक स्वास्थ्य ईकाइको बैंक खाता सञ्चालन हुनेछ।

**<u>७. सामुदायिक स्वास्थ्य इकाईको जग्गा तथा भवन सम्बन्धी व्यवस्थाः-</u>**

७.१ सामुदायिक स्वास्थ्य इकाईको जग्गाको लागि न्यूनतम १५० वर्ग मिटर क्षेत्रफल भएको हुनुपर्ने छ। उक्त जग्गा सम्बन्धित समुदायले व्यवस्था गर्नु पर्ने छ।

७.२ सामुदायिक स्वास्थ्य इकाईको भवन ३ कोठे जस्मा शौचालय तथा अन्य आवश्यक भौतिक संरचना सहितको निर्माण गर्नु पर्ने छ र सोको लागि न्यूनतम आर्थिक व्यवस्थापन स्थानीय सरकारले गर्ने छ।

७.३ सामुदायिक स्वास्थ्य इकाईको आफ्नै भवन निर्माण नहुँदासम्म आवश्यक पर्ने ३ कोठे शौचालय सहितको घर भाडामा लिई सेवा प्रवाह गर्न स्थानीय तहसँगको समन्वयमा सम्बन्धित वडाले व्यवस्था गर्नु पर्ने छ।

**<u>८. कार्यविधिको व्याख्या</u>**ः यो कार्यविधि लुङ्ग्री गाउँ कार्यपालिकाको बैठक वाट पारित भएको मिति देखि लागु हुनेछ । कार्यविधि लागु हुनु भन्दा अगाडी सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन सम्वन्धमा भए गरेका कामकारवाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।